# उच्च माध्यमिक शिक्षा परिषद्
## परीक्षा नियन्त्रण कार्यालय
## सानोठिमी, भक्तपुर

**कक्षा ११ र १२ का नियमित तथा आंशिक परीक्षार्थीहरुले**

# परीक्षा आवेदन फारम भर्ने सम्बन्धी सूचना

यस परिषद्बाट सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालय/क्याम्पसमा कक्षा ११ र १२ का नियमित अध्ययनरत विद्यार्थी तथा नयाँ पाठ्यक्रम अनुसार रजिष्ट्रेशन भई अनुत्तीर्ण विद्यार्थीहरूले २०६८ साल माघ मसान्त भित्र विलम्व शूल्क रहित र सो समय भित्र परीक्षा आवेदन फारम भर्न छुट विद्यार्थीहरूले २०६८ फाल्गुण १५ गते भित्र विलम्ब शूल्क सहित परिषद्ले तोकेको ढाँचामा परीक्षा आवेदन फारम भरी सम्बन्धित विद्यालय मार्फत परिषद्का सम्बन्धित जिल्ला स्थित कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

१. परीक्षा आवेदन शुल्क विलम्ब शुल्क रहित प्रति कक्षा प्रति विद्यार्थी रू.४५०/- र विलम्ब शूल्क सहित प्रति कक्षा प्रति विद्यार्थी रू.९००/- परिषद्को नाममा बुझाउनु पर्नेछ । प्रयोगात्मक परीक्षा हुने विषयका लागि प्रति विद्यार्थी प्रति विषय रू.५०/- थप बुझाउनु पर्नेछ । वुँदा नं. ७ मा उल्लेखित विषयहरुको प्रयोगात्मक शुल्क उच्च माध्यमिक विद्यालयहरुले राखी विद्यालयहरुबाटै आन्तरिक र वाह्य परीक्षकलाई पारिश्रमिक भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ भने वुँदा नं. ८ मा उल्लेखित विषयहरुको हकमा प्रति विषय प्रयोगात्मक शुल्क रु.५०/- मध्ये रु.२०/- का दरले हुने रकम विद्यालयमानै राखि आन्तरिक परीक्षकको पारिश्रमक उपलब्ध गराउनुपर्नेछ भने बाँकी रु.३०/- का दरले हुने रकमको वैंक भौचर वा ड्राफ्ट परिषद्को जिल्लास्थित कार्यालयमा बुझाउनुपर्नेछ ।

२. विलम्ब शुल्क रहितको परीक्षा आवेदन शुल्कको परिषद्को नामको वैंक भौचर वा ड्राफ्ट २०६८ माघ मसान्त भित्रको हुनुपर्नेछ ।

३. विलम्ब शुल्क सहितको परीक्षा आवेदन शुल्कको परिषद्को नामको वैंक भौचर वा ड्राफ्ट २०६८ फाल्गुन १५ गते भित्रको हुनुपर्नेछ ।

४. परीक्षा आवेदन भरी/भराई सम्बन्धित विद्यालयले विलम्व शूल्क रहितका परीक्षा आवेदन २०६८ फाल्गुण ७ गते भित्र र विलम्व शूल्क सहितका परीक्षा आवेदन फारम २०६८ फाल्गुण १५ गते भित्र अनिवार्य रुपमा परिषद्को सम्बन्धित जिल्ला स्थिति कार्यालयमा बुझाउनु पर्नेछ ।

५. विद्यालयले विद्यार्थीहरूको परीक्षा आवेदन फारम पठाउँदा साल र रजिष्ट्रेशन नं.को आधारमा क्रमाङ्क मिलाई पठाउनुपर्नेछ ।

६. नियमित र आंशिक दुवै समूहका विद्यार्थीहरूले तोकिएकै परीक्षा केन्द्रबाट परीक्षा दिनुपर्ने छ । परीक्षा केन्द्र परिवर्तन हुने छैन ।

७. प्रयोगात्मक परीक्षा हुने Geography (118/218) XI/XII, Instructional Pedagogy (136) XI, Health and Physical Education (144/244) XI/XII, Population Education (146/246) XI/XII, Sociology (172/272) XI/XII, Rural Development (302/602) XI/XII, Environmental Education (308/608) XI/XII, Marketing (910) XII, Primary Education (914) XII, Practicum (920) (Practice Teaching/Case Study XII), Special Need Education (934) XII, Food and Nutrition (940) XII विषयहरूको प्रयोगात्मक परीक्षा सम्बन्धित विद्यालयले परिषद्बाट उपलब्ध गराइएको निर्देशिका अनुसार संचालन गरी/गराई २०६८ चैत्र मसान्त भित्र विद्यार्थीको नाम र रजिष्ट्रेशन नम्बर अनुसार प्राप्ताङ्क परिषद्का जिल्ला स्थित कार्यालयमा बुझाउनु पर्नेछ ।

८. विज्ञान विषय समूह तर्फका Physics (110/210) XI/XII, Chemistry (112/212) XI/XII, Biology (114/214) XI/XII, Computer Science (130/230) XI/XII, Agriculture (178/278) XI/XII वणिज्य विषय समूह तर्फका Hotel Mgmt. (170/270) XI/XII, Travel and Tourism (174/274) XI/XII, विज्ञान शिक्षा विषय समूह तर्फका Physics Education (192) XI, Biology Education (194) XI तथा Chemistry Education (942) XII र मानविकी विषय समूह तर्फ Mass Communication (262) XII विषयहरुको प्रयोगात्मक परीक्षा २०६८ चैत्र मसान्त भित्र सम्पन्न गरी सो परीक्षाको प्राप्ताङ्क सम्बन्धित जिल्लास्थित कार्यालयमा २०६९ वैशाख १५ गते भित्र उपलब्ध गराइसक्नुपर्नेछ । यस परीक्षाको लागि आन्तरिक

परीक्षक सम्बन्धित विद्यालयले व्यवस्था गर्नेछ र वाह्य परीक्षक सम्बन्धित जिल्लास्थित कार्यालय/परीक्षा नियन्त्रण कार्यालयवाट नियुक्ति गरिने छ । उक्त परीक्षाको समय तालिका सम्बन्धमा सम्बन्धित उ.मा.वि.का प्राचार्यले परिषद्को जिल्लास्थित कार्यालयसँग समन्वय गरी तय गर्नुपर्नेछ । तर काठमाडौं उपत्यका भित्रका उ.मा.वि.ले Physics, Chemistry र Biology विषयको मात्र प्रयोगात्मक परीक्षाको कार्यक्रम परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी सँग र अन्य विषयको हकमा परिषद्को काठमाडौं कार्यालयसँग सम्पर्क गरी तय गर्नुपर्नेछ ।

९. परिषद्का जिल्लास्थित कार्यालयहरुले आ-आफ्नो क्षेत्र भित्र माथि उल्लेखित सूचना अनुसार काम कार्यवाहीहरु गर्नु/गराउनुहुन जानकारी गराइन्छ ।

## परीक्षा आवेदन फारम र प्रयोगात्मक परीक्षाका प्राप्ताङ्क बुझाउने कार्यालयहरु

| सि.नं. | परिषद्का जिल्ला स्थित कार्यालयहरू | सम्बन्धित विद्यालयहरू |
|---|---|---|
| १ | **उच्च माध्यमिक शिक्षा परिषद्, विराटनगर कार्यालय, विराटनगर, मोरङ** | मेची, कोशी र सगरमाथा अञ्चल(सोलुखुम्बु वाहेक) का जिल्लाका सवै उच्च माध्यमिक विद्यालयहरू । |
| २ | **उच्च माध्यमिक शिक्षा परिषद्, जनकपुर कार्यालय, जनकपुर** | जनकपुर अञ्चलका सर्लाही, सिन्धुली, धनुषा र महोत्तरी जिल्लाका सवै उच्च माध्यमिक विद्यालयहरू |
| ३ | **उच्च माध्यमिक शिक्षा परिषद्, हेटौडा कार्यालय, हेटौडा** | नारायणी अञ्चलका सवै जिल्लाका उच्च माध्यमिक विद्यालयहरू |
| ४ | **उच्च माध्यमिक शिक्षा परिषद्, काठमाडौं कार्यालय, भिमसेनगोला, वाँनेश्वर, काठमाडौं** | सोलुखुम्बु, रामेछाप, दोलखा जिल्ला र बागमती अञ्चलका सवै जिल्लाका उच्च माध्यमिक विद्यालयहरू |
| ५ | **उच्च माध्यमिक शिक्षा परिषद्, पोखरा कार्यालय, पोखरा, कास्की** | गण्डकी र धवलागिरी अञ्चलका सवै जिल्लाका उच्च माध्यमिक विद्यालयहरू |
| ६ | **उच्च माध्यमिक शिक्षा परिषद्, बुटवल कार्यालय, बुटवल, रुपन्देही** | लुम्बिनी अञ्चलका सवै जिल्ला र राप्ति अञ्चलका रोल्पा र प्युठान जिल्लाका उच्च माध्यमिक विद्यालयहरू |
| ७ | **उच्च माध्यमिक शिक्षा परिषद्, नेपालगञ्ज कार्यालय, नेपालगञ्ज, बाँके** | कर्णाली र भेरी अञ्चलका सवै जिल्ला तथा राप्ती अञ्चलका रुकुम, सल्यान, दाङ जिल्लाका उच्च माध्यमिक विद्यालयहरू |
| ८ | **उच्च माध्यमिक शिक्षा परिषद्, धनगढी कार्यालय, धनगढी** | सेती र महाकाली अञ्चलका सवै जिल्लाका उच्च माध्यमिक विद्यालयहरू |

**– परीक्षा नियन्त्रक**